# भाग १

## Login and password सम्वन्धि जानकारी

### प्रश्न: COPOMIS को Password कसरी प्राप्त गर्न सकिन्छ?

**उत्तरः** सम्बन्धित सहकारी संस्थाले आफ्नो नियामक निकायमा सम्पर्क गरी पासवर्ड प्राप्त गर्न सक्दछन् ।जस्तै सहकारीको कार्यक्षेत्र स्थानीय तह भित्र मात्र रहेमा सोही स्थानीय तहले उपलब्ध गराउनेछन् ।

### प्रश्न: सम्बन्धित नियामक निकाय कसरी पत्ता लगाउने?

**उत्तरः** सहकारी संस्थाको विनियममा उल्लेख भएको कार्यक्षेत्रको आधारमा नियाकमक निकाय पत्ता लगाउन सकिन्छ । सहकारीको कार्यक्षेत्र एक स्थानीय तह भित्र मात्र रहेमा सोही स्थानीय तह, दुई वा सो भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएमा प्रदेश स्थित सहकारी मन्त्रालय र दुई वा सो भन्दा बढी प्रदेशमा कार्यक्षेत्र रहेमा सहकारी बिभाग नियामक निकाय हुनेछ।

### प्रश्न: सहकारी संस्थाले आफ्नो Password भुलेको खण्डमा  के गर्नु पर्दछ ?

**उत्तरः** सहकारी संस्थाले कुनै पनि Web Browser (Mozilla Firefox, Google Chrome) मा गई copomis.gov.np खोल्नुपर्दछ । यसरी COPOMIS खुले पश्चात आउने स्क्रिनमा मा 'पासवर्ड भुल्नुभयो' भनेर लगईन गर्ने वक्स मुनिबाट लेखीएको हुन्छ । उक्त  'पासवर्ड भुल्नुभयो' भन्ने Option मा क्लिक गर्नुपर्नेछ र संस्थाको आधिकारिक ईमेल सिष्टमबाट माग भएबमोजीम पोष्ट गरेपश्चात पासवर्ड रिकभर link  सिस्टमले उक्त ईमेलमा नै पठाउनेछ । र उक्त link मा क्लिक गरेपछि नयां पास्वर्ड प्रविष्टि गरी संस्थाले आफ्नो पासवर्ड पुनः प्राप्त गर्न सक्दछन् ।

### प्रश्न: COPOMIS को User ID सहकारी संस्थाकै आधिकारिक हो भन्ने कसरी पत्ता लगाउन सकिन्छ ?

**उत्तरः** सहकारी संस्थाले कुनै नियामक निकायबाट पासवर्ड प्राप्त गर्दा उपलब्ध गराईएको चिठी मा युजरनेम  र पासवर्ड उल्लेख भएको हुने गर्दछ । उक्त चिठीमा भएको ईमेललाई संस्थाको आधिकारिक ई-मेल संग भिडाई रुजु गर्न सकिनेछ। यदि फरक परेमा आफ्नो नियामक निकायलाई ईमेल परिबर्तन गर्न लगाउनु पर्दछ  ।  कोपोमिस प्रयोग गर्दा  use हुने User Name संस्थाको आधिकारिक हुनुपर्दछ ।

### प्रश्न: सहकारी संस्थाले नियामक निकायवाट COPOMIS को Password लगिसकेपछि के गर्नुपर्दछ?

**उत्तरः** सहकारी संस्थाले आफ्नो नियामक निकायबाट पासवर्ड प्राप्त गरिसकेपछि COPOMIS को Password 'पासवर्ड भुल्नुभयो' भन्ने बटनमा क्लिक गरेर पासवर्ड परिबर्तन गर्नु पर्दछ ।

### प्रश्न: नियामक निकायबाट प्राप्त पत्रमा COPOMIS को User ID संस्थाको आधिकारिक Email-ID नभएमा के गर्न सकिन्छ?

**उत्तरः** सम्बन्धित नियामक निकायवाट प्राप्त पत्रमा संस्थाको आधिकारिक Email-ID नभएमा सम्बन्धित नियामक निकायमा सम्पर्क गरी आफ्नो संस्थाको आधिकारिक Email-ID परिबर्तन गर्न निवेदन दिनु पर्दछ । यदि नियामक निकायवाट गर्न नसकेमा सहकारी विभागमा पनि सम्पर्क गर्न सकिन्छ ।

**प्रश्न: आफ्नो सहकारी संस्थाको User Name के हो भनी कसरी थाहा पाउन सकिन्छ?**

**उत्तरः** सम्बन्धित निकायवाट COPOMIS को User Id र Password प्राप्त गर्दा प्राप्त पत्रमा संस्थाको User ID दिईएको हुन्छ र लगइन भईसकेपछि सफ्टवेरको Title Bar मा पनि हेर्न सकिन्छ ।

# भाग-२

## संचालन विधि सम्बन्धि

प्रश्नः **सहकारी संस्थाहरुले COPOMIS Access कसरी गर्न सक्दछन् ?**

उत्तरः सहकारी संस्थाहरुले COPOMIS संचालन गर्नको लागि Computer को कुनै पनि Web Browser(Eg. Mozilla Firefox, Google Chrome) मा गई copomis.gov.np टाईप गर्नुपर्दछ । त्यसपछि COPOMIS को पेज खुल्छ, साथै त्यसमा Username र Password प्रबिष्टि गर्ने Form आउछ र सो Form मा सहकारी संस्थाले आफ्नो Username र Password टाईप गरी COPOMIS संचालन गर्न सक्दछन् ।

**प्रश्नः COPOMIS संचालनका लागि संस्थाको Computer मा Minimum Net Speed कति आवश्यक पर्दछ ?**

उत्तरः COPOMIS सफ्टवेयर Internet कै माध्मयमबाट संचालन हुने हुँदा यसको संचालनका लागि Minimum पनि 1 Mbps को Net आवश्यक हुन्छ ।

**प्रश्नः COPOMIS संचालनका लागि Unicode आवश्यक छ वा छैन ?**

**उत्तरः** COPOMIS संचालनका लागि Unicode आवश्यक छ । यसलाई नेपाल सरकारले पनि मान्यता प्रदान गरिसकेको छ ।

**प्रश्नः Unicode बाहेक अन्य Font (Preeti, Fontasy, Himalli, Khaki etc) मा प्रविष्टी गर्दा के हुन्छ ?**

**उत्तरः** Unicode बाहेक अन्य Font जस्तै (Preeti, Fontas Himalli, Khaki etc.) मा प्रविष्टी गर्दा System ले Accept गरेपनि बिबरण बिग्रिएर अपलोड हुने समस्या हुने हुँदा सुरुबाटै Unicode प्रयोग गर्नुपर्दछ ।

**प्रश्नः Unicode font कसरी Download गर्न सकिन्छ ?**

**उत्तरः** संस्थामा प्रयोग भईरहेको Computer को Web Browser(Ex. Mozilla Firefox, Google Chrome) मा www.ltk.org.np मा गई Download Tab मा क्लिक गरी Download गर्न सकिन्छ । Unicode सिक्नको निम्ति Youtube र Google मा बिभिन्न सामाग्रीहरु उपलब्ध हुने हुँदा सो अनुसारका सामाग्रीहरुको प्रयोग गरी कार्य सम्पादन गर्न सक्नुहुनेछ ।

प्रश्नः **COPOMiS सम्बन्धी सहकारी संस्थाको समस्याको लागि सहकारी बिभागमा कसरी सम्पर्क गर्न सकिन्छ ?**

**उत्तरः** COPOMIS सम्बन्धी केहि समस्या आई परेमा सहकारी बिभागको email ID **–sahakaribivag@gmail.com** र फोन नं. **०१-४४६५३६२, ४४६११७७** मार्फत सम्पर्क गरी गर्न सकिन्छ ।

**प्रश्नः COPOMIS संचालन सम्बन्धी प्राबिधिक समस्या पर्न गएमा के गर्ने ?**

**उत्तरः** COPOMIS एक web based Software हो I software को system मा प्राबिधिक समस्या कहिलेकाहिं आउन सक्छ । यसको नियमित रुपमा Monitor र Supervision गरी Update गर्ने कार्य भईराखेको हुन्छ । केहि समस्या आएमा सो समस्या सम्बन्धी जानकारीको लागि आफ्नो नियामक निकायमा सम्पर्क गर्न सकिन्छ । अथवा सिधै माथि उल्लेख भए बमोजिम सहकारी बिभागमा सम्पर्क गर्न सकिन्छ ।

**प्रश्नः सहकारी संस्थाको कुनै पनि बिबरण नियामक निकायलाई बुझाउनका लागि के गर्नुपर्दछ ?**

**उत्तरः** सहकारी संस्थाको कुनै पनि बिबरण बुझाउनका लागि बुझाउन खोजिएको बिबरणको संक्षिप्त बिबरणमा गई 'प्रमाणिकरणको लागि पठाउनुहोस' भन्ने बटनमा क्लिक गरी बुझाउन सकिन्छ । त्यसपछि उक्त विवरण कित प्रमाणिकरणको प्रक्रियामा छ भन्ने आउंछ वा प्रमानणीकरण भइसकेपश्चात प्रमाणिकरण भयो भन्ने स्क्रिनको तलपट्टी देखिन्छ वा ।

# भाग-३

## <u>सदस्य सँग सम्वन्धित जानकारी</u>

**प्रश्नः सहकारी संस्थाले COPOMIS मा सदस्य सम्बन्धी बिबरणहरु प्रबिष्टि गर्दा सदस्यको फोटो र नागरिकता राख्नु पर्ने अनिवार्यता हो कि होईन ?**

**उत्तरः** सहकारी संस्थाले COPOMIS मा सदस्य सम्बन्धी बिबरणहरु प्रबिष्टि गर्दा सदस्यको फोटो र नागरिकता COPOMIS मा राख्नु आबश्यक हाललाई नभएको (not mandatory in system ) तर नियामक निकायले माग गरेमा प्रविष्टि गर्नुपर्ने हुन्छ।

**प्रश्नः सहकारी संस्थाहरुले आफ्नो संस्थाको सदस्यको विवरण प्रविष्टि गर्दा सदस्यता नं. को क्रम संख्या वमोजिम प्रविष्टि गर्न जरुरी छ वा छैन ?**

**उत्तरः** सहकारी संस्थाहरुले आफ्नो सहकारीको सदस्यको विवरण क्रम संख्या वमोजिम प्रविष्टि गर्न जरुरी छैन । जस्तै यदि रामको सदस्यता नं. १, श्यामको सदस्यता नं. २, र रीताको सदस्यता नं. ३ आदि भएमा क्रमश सदस्य संख्या राख्नु पर्छ भन्ने जरुरी छैन । जसमा रीताको शुरूमा प्रविष्टि गरेर अरुको गर्दा पनि अभिलेख सुरक्षित गर्न सकिन्छ ।

**प्रश्नः सहकारी संस्थाले COPOMIS मा सदस्यको बिवरण प्रविष्टि गर्ने क्रममा सदस्य सम्बन्धी बिवरण अपुग भएमा के गर्नुपर्दछ ?**

उत्तरः सहकारी संस्थालाई आफ्नो सबै सदस्यहरुको जानकारी हुनुपर्दछ । यदि जानकारी नभएको खण्डमा उक्त संस्थामा आबद्ध सदस्यलाई सम्पर्क गरी आवश्यक बिवरण माग गरी COPOMIS मा प्रविष्टि गर्नु आवश्यक हुन्छ ।

**प्रश्नः COPOMIS बाट हटाईएका सदस्यहरुको बिबरण पुनः प्रविष्टि गर्न मिल्छ कि मिल्दैन ?**

उत्तरः COPOMIS मा प्रविष्टि गरिसकेपछि हटाईएका सदस्यहरुको बिबरण पुन प्रविष्टि गर्न मिल्दछ ।

# भाग ४

## वित्तीय बिवरण सम्बन्धी जानकारी

### प्रश्नः सहकारी संस्थाहरुको बार्षिक प्रतिबेदनको अनुसूची भित्र भएका शीर्षकहरूमा संस्थाको शीर्षकहरू नभेटिए के गर्न सकिन्छ ?

**उत्तर**ः अनुसूचीमा भएका शीर्षकहरू चार खाता बमोजिम हुन्छ । यसमा कुनै संस्थाको लेखा शीर्षक संस्थापिच्छे फरक हुने हुँदा सोही सस्थाको लेखा शिर्षक चार खातउ अनुसार मिलान गरी राख्नुपर्ने हुन्छ ।

### प्रश्न: सहकारी संस्थाको वित्तिय विवरण प्रविष्टि गर्दा Cumulative वा Accumulative कुनमा प्रविश्टि गर्नपर्दछ?

**उत्तर**ः सहकारी संस्थाको आफ्नो वित्तिय विवरण COPOMIS मा प्रविष्टि गर्दा Accumulative मा राख्नु पर्दछ । Accumulative भन्नाले साउन महिना देखिकै रकमहरूको जोड प्रविष्टि गर्नु पर्दछ ।

### प्रश्न: COPOMIS सफ्टवेरमा कर्जा सुरक्षण कोष (Loan Loss Provision ) राख्नु पर्छ कि पर्दैन होला ?

**उत्तर**ः सहकारी संस्थाले आफ्नो सस्थाको कर्जा सुरक्षण कोष (Loan Loss Provision) COPOMIS सफ्टवेरमा प्रविष्टि गर्दा उक्त मासिक विवरण नियामक निकायले तोकेको समयभित्र सफ्टवेरको अनुसूची -३ मा अनिवार्य रूपमा राख्नु पर्दछ ।

### प्रश्न: सहकारी संस्थाको सञ्चालक समितिको सदस्यले लिएको ऋण कहाँ प्रबिष्टि गर्न सकिन्छ ?

**उत्तर**ः संस्थाको सञ्चालक समितिको ऋण प्रबिष्टि गर्नु पुर्ब बार्षिक प्रतिबेदन दाखिला मेनुमा गई निर्बाचन समिति अन्तर्गतको लेखा समितिमा रहने पदहरुको सेटअप, निर्बाचन उपसमितिको पद सेटअप र निर्बाचनको प्रतिबेदन मिलाउनु पर्दछ । त्यसपछि आन्तरिक कार्यहरु मेनुमा गई समिति सदस्यले लिएको ऋणको बिबरणमा गई सदस्यले लिएको ऋण प्रबिष्टि गर्न सकिन्छ ।

### प्रश्न: सहकारी संस्थाले आफ्नो संस्थाको मासिक विवरण प्रविष्टि गर्दा Balance Sheet मा भएको बिबरण कि Trial Balance मा भएको बिबरण प्रबिष्टि गर्नुपर्दछ ?

**उत्तर**ः COPOMIS सफ्टवेरमा सहकारी संस्थाले आफ्नो सस्थाको मासिक विवरण प्रविष्टि गर्दा Trial Balance को आधारमा राख्नु पर्दछ । संस्थाले हरेक महिनाको COPOMIS बमोजिम Trial Balance बनाएर प्रबिष्टि गर्नुपर्दछ ।

### प्रश्न: सहकारी संस्थाले आफ्नो सस्थाको रकम प्रबिष्टि गर्दा कुन अंकमा राख्नु पर्दछ ?

**उत्तर**ः COPOMIS सफ्टवेरमा सहकारी संस्थाले आफ्नो संस्थाको कुनै पनि रकम प्रविष्टि गर्दा पुरा अंकमा राख्नु पर्दछ । जस्तै १००००० पुजी प्रबिष्टि गर्दा १००००० नै प्रबिष्ट गर्न आवश्यक हुन्छ।

**प्रश्न: सहकारी संस्थाले आफ्नो संस्थाको कोष सम्वन्धी विवरण कसरी राख्नु पर्दछ?**

**उत्तरः** विभागले प्रकाशन गरेको  सहकारी ऐन, २०७४ र नीयमावलिमा,२०७५ मा उल्लेख भएका कोषहरू मात्र प्रविष्टि गर्नु पर्ने हुन्छ । system मा सहकारी ऐन, २०७४ र नियमावलीमा,२०७५ उल्लेख भएका कोषहरू बाहेक अन्य कोषहरू नहुने भएकाले सोहि नियम बमोजिम राख्नु पर्दछ ।

**प्रश्न: यदि संस्था घाटा गएमा सस्थाको संचालन घाटा (Operating Loss)कहाँ राख्नु पर्दछ?**

उत्तरः संस्थाको संचालन घाटा (Operating Loss) अनुसूची १४ को हिसाब नं. १४०.१ पुर्ब संचालन खर्च हिसाब  खातामा प्रबिष्टि गर्नुपर्दछ ।

**प्रश्न: सहकारी सस्थाले बित्तीय विवरण पेश गरीसके पश्चात प्रमाणिकरणका लागि कसरी पेश गर्न सक्दछन् ?**

**उत्तरः** COPOMIS सफ्टवेरमा सहकारी सस्थाले बित्तीय विवरण पेश गरीसके पश्चात प्रमाणिकरणका लागि Preview वटनमा गएर ☑ चेकबक्समा क्लिक गरी पेश गर्न सकिन्छ ।

**प्रश्न: सहकारी संस्थाले बित्तीय विवरण पेश गरीसके पश्चात प्रमाणिकरण भए नभएको कसरी थाहा पाउन सक्दछन् ?**

**उत्तरः** सहकारी संस्थाले बित्तीय विवरण पेश गरीसके पश्चात प्रमाणिकरण भए नभएको  थाहा पाउनका लागि COPOMIS मा प्रविष्टि गरिएको जुन आर्थिक बर्ष र महिनाको प्रमाणिकरण हेर्न खोजिएको हो सो महिना र आर्थिक बर्षमा Mouse Pointer लगेपछि प्रमाणिकरण भयो भन्ने आउंछ वा उक्त ठाउँमा क्लिक गरेपछि पुछारमा/ तलपट्टी प्रमाणिकरण भयो भनेर लेखिएको आउंछ । यसरी प्रमाणिकरण भए नभएको सजिलै थाहा पाउन सकिन्छ । साथै संस्थाको e-mail मा पनि आउछ । यसमा संस्थालको आफ्नो e-mail आधिकारिक हुनु पर्ने कुरा ख्याल गर्नु पर्दछ ।

**प्रश्न: सहकारी संस्थाले आफ्नो मासिक बिबरणहरू प्रविष्टि गरिसकेपछि पनि ड्यासबोर्डमा किन देखाउदैन?**

**उत्तरः** उक्त कार्य COPOMIS सम्बन्धीको Software अन्तर्गतको कार्य हो र उक्त समस्याको समाधानको लागि Software को कार्य क्रमबद्द रूपमा भईरहेकोछ र सो कार्य भईसकेपछि जानकारी website मार्फत गरिनेछ ।

धन्यबाद